**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-४६)**

मितिः २०८१/०९/०५ गते

प्रारम्भः बिहान ११ : ०० बजे

समाप्तः दिनको १:३० बजे

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियोः

- आज मिति २०८१/०९/०५ गते बसेको बैठकमा समितिले गठन गरेका २ वटा उपसमितिहरु "समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्यांकन उपसमिति" र "बार्षिक प्रतिवेदन तयारी उपसमिति" को कार्य प्रगति समिक्षा सम्बन्धमा छलफल भयो । साथै यस समितिको सबलीकरण तथा समसामयिक विषयमा पूर्व मुख्य सचिव लीलादेवी गड्तौलाले आफ्नो राय प्रस्तुत गर्नुभयो ।

- समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्यांकन उपसमितिको कार्य प्रगति सम्बन्धमा परामर्शका लागि पूर्व महान्यायधिवक्ता मुक्ति प्रधान तथा सामाजिक परिचालिकाहरुको व्यवस्थापन सम्बन्धमा परामर्श गर्नका लागि पूर्व मुख्य सचिव लीलादेवी गड्तौलाबाट ३ वटा बैठकमा आ-आफ्नो प्रस्तुति सम्पन्न गर्ने गरी विशेषज्ञको सेवा लिने र सचिवालयको नियमानुसार विज्ञहरुलाई सुविधा उपलब्ध गराउने विषयमा समेत निर्णय भयो ।

- समितिको आगामी बैठक मिति २०८१ साल पुष ७ गते बस्ने गरी आजको बैठक स्थगित गरियो।

| | |
|---|---|
| .................. | ........................... |
| (इन्द्रविलास पौडेल) | (मा. किरण कुमार साह) |
| समिति सचिव | सभापति |